नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
daomanang@moha.gov.np

प.सं. : ०७९/८०
च.नं.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

**हिमपात तथा अत्याधिक चिसोबाट सुरक्षित रहन जिल्ला प्रशासन कार्यालय, मनाङबाट जनहितमा जारी सूचना !**

मनाङ जिल्ला भौगोलिक रुपमा हिमाली जिल्ला भएको, प्रत्येक वर्ष जस्तै यस वर्षको हिमपात तथा जाडोको समय सुरु भैसकेको र निरन्तर रुपमा चिसो बढ्ने क्रममा रहेको हुँदा जिल्लाभर हिमपात हुन सक्ने साथै अत्याधिक चिसो बढ्न गई सर्वसाधारण नागरिकहरुको दैनिक जीवनयापनमा कठिनाईको सामना गर्नुपर्ने अवस्थामा हिमपात तथा अत्याधिक चिसोबाट जोगिन र आफ्नो स्वास्थ्यको ख्याल गर्नका निमित्त जिल्ला प्रशासन कार्यालय, मनाङबाट आम जिल्लावासीका लागि यो सूचना प्रकासित गरिएको छ।

**हिमपात तथा अत्याधिक चिसोबाट वच्न अपनाउनुपर्ने विषयहरुः-**

१. जाडोयामका लागि समयमै न्यानो लता कपडाको जोहो गरौं।
२. हिमपात तथा अत्याधिक चिसोको समयमा घरबाहिर लामो समय नविताऔं ।
३. रातको समयमा न्यानो कपडा, सिरक, कम्बल जस्ता कपडाहरु ओड्ने गरौं।
४. हिमपातको समयमा चिसो बढ्ने तथा अत्याधिक हावाहुरी/बतास चल्ने हुँदा आगो तापेर न्यानो राखौं।
५. हिमपात पश्चात हिमपहिरोहरु जानसक्ने हुँदा विगतका समयमा हिमपहिरो गएका स्थान तथा हिमपहिरो जानसक्ने सम्भावित स्थानहरुमा नजाऔं।
६. बालबालिका, वद्धवृद्धा तथा गर्भवती महिलाको हेरचाहमा विशेष सतर्कता अपनाऔं।
७. हिमपात भएको समयमा घरेलु पशुपंक्षीलाई सकेसम्म बाहिर खुल्ला नछोडौं। गोठ तथा टहरामा राखी घाँस, पराल तथा दाना दिने व्यवस्था मिलाऔं।
८. चिसोको मौसममा कोभिड-१९ का नयाँ भेरियन्टहरुको संक्रमण बढ्न सक्ने हुँदा स्वास्थ्य सुरक्षा प्रोटोकलहरुको पालना गर्ने गराउने गरौं।
९. हिमपात तथा चिसोका कारण विरामी परेमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा गई उपचार गरौं।
१०. हिमपात तथा चिसोका कारण घरपालुवा जनावार विरामी भएमा नजिकैको भेटेनरी अस्पताल वा पशु सेवा केन्द्रका पशु चिकित्सक लाई देखाएर उपचार गर्ने गरौं।
११. होटल तथा कोठामा आगो, हिटर तथा गिजर प्रयोग गर्नुपर्दा पर्याप्त मात्रामा भेन्टिलेसनको व्यवस्था मिलाऔं।

२०७९/८/१५

(सुप्रभा खनाल)
प्रमुख जिल्ला अधिकारी

सुप्रभा खनाल
प्र. जि. अ.